# युनाईटेड इदी मर्दी एण्ड आर.बि. हाइड्रोपावर लिमिटेडको

## १३ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

युनाईटेड इदी मर्दी एण्ड आर.बि.हाइड्रोपावर लिमिटेडको मिति २०७९/०८/०७ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम देहायका बिषयहरुमा छलफल गर्न कम्पनीको १३ औं वार्षिक साधारणसभा निम्न लिखित मिति, स्थान, र समयमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१३ औ वार्षिक साधारण सभा हुने मिति, स्थान, र समय**

मिति : २०७९/०८/२८ गते बुधबार (December 14, 2022)

स्थान : आभ्या क्लब, घारीपाटन-१७ पोखरा, कास्की

समय : ११:०० बजे

**१३ औं वार्षिक साधारण सभामा छलफलका विषयहरु**

**क) साधारण प्रस्ताव**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यू बाट प्रस्तुत हुने आ.व.२०७८।०७९ को वार्षिक प्रतिवेदन छलफल गरि पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७८।७९ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रभाव विवरण सहितको वित्तीय विवरणहरु (अनुसूचीहरु समेत) छलफल गरि पारित गर्ने ।

३. आ.व.२०७९/०८० को लेखापरीक्षण कार्यको लागी लेखापरीक्षक नियूक्ति एंव निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. सञ्चालक समितिबाट सिफारिस भए बमोजिम २०७९ आषाढ मसान्त सम्मको सञ्चित मुनाफाबाट चुक्ता पुँजिको १०.५२६ प्रतिशत नगद लाभाँश (कर सहित) वितरणको प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा ।

**ख) विविध :**

**साधारण सभाको सन्दर्भमा शेयरधनी दर्ता किताब बन्द रहने सुचना** :

मिति २०७९/०८/१६ गते यस कम्पनीको दाखिला खारेज दर्ता बन्द (Book Close) रहनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०७९।०८।१५ गते सम्म कारोवार भई प्रचलित कानुन बमोजिम शेयर नामसारी भई कायम शेयरधनीहरुले मात्र सभामा भाग लिन सक्ने छन् ।

**साधारण सभामा सम्बन्धी सामान्य जानकारी**

१) साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले आफ्नो शेयर प्रमाणपत्र वा आफ्नो परिचय खूल्ने कूनै प्रमाणपत्र अनिवार्य लिई आउनु पर्नेछ । संगठित संस्थावाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाको आधिकारिक पत्र पेश गर्नुपर्नेछ ।

२) सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुलाई सभा हुने दिन शेयर प्रमाणपत्रमा उल्लेखित परिचय पत्र नम्बर/हितग्राही (DMAT) खाता खोलिएको प्रमाण सहित साथमा लिई आउनुहुन अनुरोध छ ।

३) शेयरधनी महानुभावह्हरुको ठेगानामा हुलाक/कूरियरवाट पठाईने १३ औं वार्षिक साधारण सभाको प्रतिवेदन पठाइएको छ ।

४) साधारण सभामा भाग लिनको लागी प्रतिनिधि (प्रोक्सी) नियूक्त गर्न चाहने शेयरधनीहरुले प्रोक्सी फारम कम्पनीको केन्द्रिय कार्यालय, पोखरा-१७ कास्कीमा साधारण सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिनका लागि प्रतिनिधि नियूक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्के मूकर्रर गर्ने भएमा सोको लिखित सुचना सोही अवधिभित्र संस्थाको केन्द्रिय कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियूक्त गरिएको ब्यक्ति समेत संस्थाको शेयरधनी हुनु पर्नेछ ।

५) प्रतिनिधि नियूक्त गरिसक्नुभएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नुभएमा प्रोक्सी दिई सकेको भएपनि त्यस्तो प्रोक्सी स्वतः बदर हुनेछ ।

६) नाबालक वा विक्षिप्त शेयरधनी ज्यूहरुका तर्फबाट संस्थाको शेयर लागत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको ब्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।

७) शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा हुने दिनको १०:००बजे देखि खुल्ला रहनेछ ।

८) वार्षिक साधारणसभा सम्बन्धि थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय १७ पोखरा कास्कीमा सम्पर्क राख्न अनुरोध गरिन्छ । थप जानकारीको लागि यस कम्पनीको Website www.idimardihydro.com.np बाट प्राप्त गर्न सक्नुहुनेछ ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**